कम्पनी दर्ता नं. : २०१२९२/०७५/०७६ इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/८९/०७५/०७६

स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.
SWASTIK LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, प्रादेशिकस्तर (मधेश प्रदेश)

**कम्पनी सचीवको कार्यालय**

प.सं. च.नं. ०३/०८३/०८४ मिति: २०८३/०५/०३

नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय : साधारण सभा सम्बन्धी सूचना ।**

महोदय,

उपरोक्त संम्बन्धमा मिति २०८३ श्रावण ३० गते, तदनुसार १६, अगस्त २०२६ शनिवारका दिन बसेको यस वित्तीय संस्थाको संचालक समितिको ९७औं बैठकबाट यहि मिति २०८३ साल भाद्र २७ गते शनिवारको दिन सूचनामा उल्लेखित मिति, स्थान र समयमा सातौं बार्षिक साधारण सभा गर्ने भनी निर्णय भए बमोजिम सो सम्वन्धी सूचना भोलि मिति २०८३/०५/०४ गतेको टुडेखोज राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने व्यहोरा तहाँको जानकारीको लागि यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा सादर अनुरोध छ ।

**संलग्न कागजातहरु :**

(क) सञ्चालक समितिको निर्णय उतार विवरण

(ख) पत्रिकामा छापिने सूचनाको नमूना

भवदीय,

...........

तोयानाथ पोखरेल
कम्पनी सचीव

**बोधार्थ :**

नेपाल स्टक एक्चेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काण्माण्डौ । : जानकारीका लागि ।

सिडिएस एण्ड क्लियरिङ लिमिटेड
पुतलीसडक, काठमाण्डौ । : जानकारीका लागि ।

नविल ईन्भेष्टमेन्ट बैंङ्गिग लिमिटेड
नक्साल, काठमाण्डौं । : जानकारीका लागि ।



CamScanner

## मिति २०८३ श्रावण ३० गतेको संचालक समिति बैठक नं.०९७ को निर्णय उतार

### ८. बार्षिक साधारण सभा सम्बन्धमा।

**प्रस्ताव नं. ०८ :** प्रस्ताव नं. ०८ मा छलफल गर्दा, यस वित्तीय संस्थाको सातौ बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा आयोजना गर्ने निर्णय गरियो।

**साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८३/०५/२७ गते शनिबार, तदनुसार १२ सेप्टेम्बर २०२६।

समय : बिहान ११:०० बजे।

स्थान : सुचनामा प्रकाशित गरिने।

### ९. बार्षिक साधारण सभामा पेश गरिने प्रस्तावहरु (Agendas) सम्बन्धमा।

**प्रस्ताव नं. ०९ :** प्रस्ताव नं. ०९ मा छलफल गर्दा, यस वित्तीय संस्थाको सातौ बार्षिक साधारण सभा प्रयोजनको निम्ती तपसिल बमोजिमको प्रस्तावहरु पेश गरि स्वीकृति तथा पारित गर्ने निर्णय गरियो।

तपसिल :

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले पेश गर्नुहुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसुचिहरु छलफल गरि पारित गर्ने।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने।

४. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधीत्व हुनेगरि एकजना महिला सहित २ (दुई) जना सञ्चालकको निर्वाचन सम्बन्धमा।

**(ख) विशेष प्रस्ताव**

१. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (जारी र चुक्ता पुजी बृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने।

२. हकप्रद शेयर १:२ माग गर्ने सम्बन्धमा।

३. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" बर्गका लघुवित्त वित्तीय संस्थालाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न वा भई जान उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने।

४. सञ्चालकहरुको भत्ता तथा सुविधा परिमार्जन गर्ने सम्बन्धमा।

**(ग) विविध**

प्रमाणित गर्नेको सहि :

नाम : तोयानाथ पोखरेल

पद : कम्पनी सचीव

मिति : २०८३/०५/०१

CamScanner